# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०१) पोखरा, आश्विन ११ गते, २०७५ साल (संख्या ०७

## भाग २

### प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालयको सूचना

### अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५

प्रदेशस्तरको स्वास्थ्य सेवामा प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन गर्न, प्रदेश सरकार मातहत संचालित अस्पतालहरुको कामकारबाही गुणस्तरीय, चुस्त, दुरुस्त र बनाई प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पताल व्यवस्थापन समिति गठन गर्न वान्छनीय भएकाले,

गण्डकी प्रदेश, प्रदेश सरकारले यो गठन आदेश जारी गरेको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस गठन आदेशको नाम "**अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५**" रहेको छ ।

(२) यो गठन आदेश गण्डकी प्रदेशभर लागू हुनेछ ।

(३) यो गठन आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**२.<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस गठन आदेशमा,-

(क) "अस्पताल" भन्नाले नेपाल सरकारबाट गण्डकी प्रदेश सरकार मातहत रहने भनी तोकी आएका र प्रदेश सरकारको कार्यजिम्मेवारीमा पछि थप हुन आउने अस्पतालहरु समेतलाई सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) "मन्त्री" भन्नाले सामाजिक विकास मन्त्री सम्झनु पर्छ ।

(ङ) "कोष" भन्नाले दफा ७ बमोजिमको कोष सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस गठन आदेश अन्तर्गत हुने कार्यकारी आदेश वा निर्णयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

**३. <u>समितिको गठन</u>:** (१) प्रदेश सरकार मातहतका प्रत्येक अस्पतालहरुको व्यवस्थापन र संचालन गर्ने कामका लागि देहायबमोजिम छुट्टाछुट्टै अस्पताल व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) स्वास्थ्य वा सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येबाट मन्त्रालयद्वारा तोकिएको व्यक्ति —अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष वा उप-प्रमुख/उपाध्यक्ष एक जना - सदस्य

(ग) सम्बन्धित जिल्लाको उद्योग वाणिज्य संघ वा चेम्वर अफ कमर्शको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि —सदस्य

(घ) सम्बन्धित जिल्लाको स्वास्थ्य वा सामाजिक क्षेत्रमा क्रियाशील संघसंस्थाहरु मध्येबाट समितिको अध्यक्षले मनोनित गरेको एक जना

— सदस्य

(ङ) सम्बन्धित जिल्लाका प्रतिष्ठित समाजसेवीहरु मध्येबाट समितिको अध्यक्षको सिफारिसमा मन्त्रालयद्वारा मनोनित दुईजना महिला —सदस्य

(च) अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट वा अस्पतालको प्रमुख —सदस्य सचिव

(२) देहायको योग्यता भएको व्यक्ति समिति पदाधिकारीको पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) नेपाली नागरिक,

(ख) अध्यक्षको हकमा तीस बर्ष उमेर पूरा भएको,

(ग) अध्यक्षको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(३) देहायको व्यक्ति अस्पताल व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि अयोग्य हुनेछ :-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय पाएको,

(ख) सार्वजनिक लाभको पदमा बहाल भएको ।

**स्पष्टिकरण:** यस प्रयोजनको लागि सार्वजनिक लाभको पद भन्नाले नियमित रुपमा हाजिर भई पारिश्रमिक पाउने सरकारी पदलाई सम्झनु पर्दछ ।

(ग) नेपाल सरकार, प्रदेश सरकार वा अन्तर्गतको कुनै संगठित संस्था वा स्थानीय तहसँग सम्बन्धित कुनै वेरुजु तथा बाँकी वक्यौता भएको ।

(घ) उच्च नैतिक चरित्र नभएको तथा कालोसूचीमा परेको,

(ङ) विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवासीय अनुमति लिएको वा विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवासीय अनुमति वा डाइभर्सिटी भिसाका लागि आवेदन गरेको

(४) समितिका पदाधिकारीहरुको पदावधि तीन वर्षको हुनेछ ।

(५) समितिले आवश्यक देखेमा प्रदेश सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारीहरुले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा अस्पतालको हित विपरीत कुनै काम गरेको पाइएमा मन्त्रालयले निर्णय गरी निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

४. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) स्रोत-साधन जुटाई अस्पतालबाट प्रदान गरिने सेवाहरुलाई गुणस्तरीय, चुस्त दुरुस्त बनाउने,

(ख) अस्पतालबाट प्रदान गरिने सेवा सुविधाहरुलाई सरल, व्यवस्थित, सर्वसुलभ र पारदर्शी बनाउने,

(ग) अस्पतालको प्रभावकारीरुपमा व्यवस्थापन र संचालन गर्ने,

(घ) अस्पतालको लागि अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गर्ने, गराउने,

(ङ) अस्पतालको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(च) अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(छ) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण, मर्मत-सम्भार तथा विकास गर्ने,

(ज) अस्पतालबाट प्रदान गरिएका सेवा सुविधाहरुको नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने,

(झ) अस्पताल मार्फत तोकिएको ढाँचामा मासिक रुपमा प्रतिवेदन तयार पारी मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय समक्ष पेश गर्ने,

(ञ) लक्षित वर्गलाई प्रचलित मापदण्ड बमोजिमको निःशुल्क उपचारको प्रभावकारी व्यवस्था मिलाउने,

(ट) अस्पताल र अस्पताल परिसरको सरसफाई गर्ने, गराउने र फोहोर बिसर्जनको उचित प्रबन्ध मिलाउने ।

(ठ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

**५. <u>समितिको बैठक सम्बन्धी व्यवस्था</u>**: (१) समितिको बैठक मासिक रुपमा बस्नेछ। तर अध्यक्षले आवश्यक ठानेमा जुनसुकै बेला पनि समितिको बैठक बस्न सक्नेछ ।

(२) समितिको एक तिहाई सदस्यहरुले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य सचिवले समितिको अध्यक्षलाई जानकारी दिई बैठक बोलाउनु पर्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा अठ्चालीस घण्टा अगावै सदस्य सचिवले बैठकका एजेण्डा सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

(८) समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिका पदाधिकारिहरुले नियमानुसारको बैठक भत्ता पाउने छन् ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

**६. <u>जनशक्ति सम्बन्धी व्यवस्था</u>**: (१) समितिले अस्पतालमा थप सेवा विस्तार तथा गुणस्तर अभिवृद्धी गर्नको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालयले स्वीकृत गरे पश्चात् अस्पतालको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी आफ्नै स्रोतबाट तोकिएको सुविधा दिने गरी खुल्ला प्रतियोगिताद्धारा आवश्यक जनशक्ति करारमा लिन सक्नेछ । तर संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट स्वीकृत दरबन्दीभन्दा बढी जनशक्ति राखिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो आदेश प्रारम्भ हुँदाका बखत साविक आदेश वा कार्यविधि बमोजिम अस्पतालको आन्तरिक स्रोतबाट

खर्च व्यहोरिने गरी कार्यरत कर्मचारीहरु यो आदेश प्रारम्भ भएपछि अस्पतालको काम गर्ने गरी काजमा रहनेछन् ।

(३) उपदफा (१) बमोजिम करारमा नियुक्ति हुनेहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

७. **<u>समितिको कोष</u>** : (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

(२) समितिको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट अस्पताल संचालनको लागि अस्पताल व्यवस्थापन समितिको नाममा प्राप्त हुने अनुदानको रकम,

(ख) अस्पतालले सेवा प्रदान गरे बापत प्राप्त हुने स्वीकृत सेवा शुल्क,

(ग) अन्य दातृ निकाय वा दाताहरुबाट प्राप्त हुने रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) समितिको काम कारवाहीमा हुने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ । यस्तो रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(४) तर विदेशी सरकार, संघ वा व्यक्तिबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति लिनुपर्नेछ।

(५) समितिको खाता कुनै बणिज्य बैंकमा खोली संचालन गरिनेछ ।

(६) समितिको खाता अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट वा अस्पताल प्रमुख र अस्पतालका लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(७) कोषको रकम समितिको बैठकको निर्णय अनुसार खर्च गरिनेछ । तत्काल बैठक बस्न सम्भव नभएमा अध्यक्षको स्वीकृतिमा खर्च लेखी समितिको बैठकबाट अनुमोदन गरिनेछ ।

(८) समितिको कोषमा जम्मा हुन आउने रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेछ । प्रयोजन नखुलेको कोषको रकम स्वीकृत कार्यक्रम अनुसार हुनेछ ।

८. **<u>सम्पत्ति र कोषको हस्तान्तरण</u>** : साविक आदेश वा कार्यविधि बमोजिम अस्पताल विकास समितिको नाममा रहेको सबै चल अचल सम्पत्ति यसै आदेश बमोजिम गठन हुने अस्पताल व्यवस्थापन समितिको नाममा स्वतः हस्तान्तरण हुनेछ ।

९. **<u>लेखा र लेखापरीक्षणः</u>** (१) समितिको आय व्ययको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण समितिको निर्णय बमोजिम हुनेछ ।

(३) कोषको अन्तिम लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ।

१०. **<u>अधिकार प्रत्यायोजन</u>** : समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये दफा ४ को खण्ड (ङ) बमोजिमको अस्पतालको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने तथा खण्ड (च) बमोजिमको अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने बाहेक अन्य अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य वा सदस्य सचिवले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

११. **<u>निर्देशन दिने</u>** : मन्त्रालयले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१२. **<u>प्रदेश सरकारसँग सम्पर्क</u>** : समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ ।

**आज्ञाले,**

**नारायण आचार्य**

**प्रदेश सरकारको नि. सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु १०।-